बारा-२ बाट उपेन्द्रलाई उम्मेदवार बनाउने जसपा निर्णय

बारा, चैत १५ (नागरिक)- जनता समाजवादीले वैशाख १० को उपनिर्वाचनमा बारा निर्वाचन क्षेत्र नम्बर २ मा पार्टी अध्यक्ष उपेन्द्र यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

बाराको सुवर्ण गाउँपालिकास्थित मझरियामा बुधबार आयोजित क्षेत्रीय भेलाले यादवलाई उम्मेदवार बनाउने गरी एकल नाम सिफारिस गरेको जसपा मधेस प्रदेश अध्यक्ष रामबाबु यादवले बताए। क्षेत्रीय भेलामा ५ हजारभन्दा बढी नेता-कार्यकर्ता सहभागी थिए। सबैले उपेन्द्रलाई उम्मेदवार बनाएर विजयी बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

जसपा नेता तथा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले उपेन्द्रलाई जिताएर पठाए उनी प्रधानमन्त्रीसमेत बन्न सक्ने सम्भावना रहेको हुँदा जनता उनकै पक्षमा रहेको बताए। कार्यक्रममा प्रदेशसभा सदस्य बच्चा यादव, जसपा नेता प्रमोद गुप्ता, प्रकाश चौगाई, पारस साहलगायतले यस क्षेत्रमा राष्ट्रिय अध्यक्ष चुनाव लड्न आउनु गर्वको विषय भएको र उनलाई विजयी बनाएर पठाउनु सबै नेता-कार्यकर्ताको जिम्मेवारी भएको जिकिर गरे। बारा-२ का प्रतिनिधिसभा सदस्य रामसहायप्रसाद यादव उपराष्ट्रपति बनेपछि सो क्षेत्र रिक्त रहेको र उपनिर्वाचन हुन लागेको हो।

आजै...

यस विषयमा नाउपाका नेताहरूले केही बोलेका छैनन्। आन्तरिक छलफल भइरहेको उनीहरूको भनाइ छ। नाउपा स्रोतका अनुसार सरकारमा गएको अवस्थामा श्रेष्ठले सहरी विकास मन्त्रालयमा दाबी गर्नेछिन्। जनमत पार्टीबाट वर्तमान सरकारमा अब्दुल खान सरकारमा सहभागी छन्। उनी खानेपानीमन्त्री छन्। स्रोतका अनुसार जनमत पार्टीले एउटा राज्यमन्त्री पनि पाउने भएको छ।

बुधबार भएको भागबन्डामा २२ वटा मन्त्रालयको टुंगो लागेको छ। कांग्रेस, माओवादी केन्द्र र जनमत पार्टीले एक/एकवटा राज्यमन्त्री पनि पाउने भएका छन्। गत पुस १० गते बनेको नेकपा (एमाले), माओवादी केन्द्रलगायत दल मिलेर बनेको गठबन्धन भत्किएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले १६ वटा मन्त्रालयको भार एक्लै बोक्दै आएका छन्। यस अवधिमा दाहालले संसद्बाट दुईपटक विश्वासको मत लिइसकेका छन्।

रास्वपा सरकारमा नजाने

रास्वपालाई पनि सरकारमा सहभागी गराउने प्रयास असफल भएको छ। स्रोतका अनुसार रास्वपाका नेताहरूले सरकारमा पार्टी सभापति रवि लामिछानेलाई लानुपर्ने सर्त राखेका थिए। तर सत्तारूढ दलका नेताहरूले गैरसांसदलाई सरकारमा ल्याउन नसक्ने बताए। स्रोतका अनुसार लामिछानेले आफूले नै नेतृत्व गरेर सरकारमा जानुपर्ने र चितवन-२ मा हुने उपनिर्वाचनमा १० दलबाट लामिछानेलाई साझा उम्मेदवार बनाउनुपर्ने सर्त राखेका थिए। यसमा सत्तारूढ दलहरू सहमत नभएपछि रास्वपा सरकारमा नजाने निर्णयमा पुगेको हो।

रास्वपाका प्रवक्ता डा. मुकुल ढकालले रास्वपा सरकारमा नजाने नै अवस्था सिर्जना भएको बताए। 'हामीले साबिकका मन्त्रालय र साबिकको हाम्रो नीति तथा कार्यक्रम अहिलेको गठबन्धनले समेट्नुपर्छ भनेका थियौं। यसमा सहमति भएन,' उनले भने, 'त्यसैले अहिलेसम्म हामी सरकारमा नजाने अवस्था छ।' स्रोतका अनुसार रास्वपा सरकारमा आयो भने गठबन्धनले रास्वपालाई तीनवटा मन्त्रालय दिने भएको छ। यस्तो अवस्थामा नेपाली कांग्रेसको एक र माओवादी केन्द्रको एक सिट घट्नेछन्। यसैगरी साह नेतृत्वको आजपाको सिट पनि घट्ने बताइएको छ। रास्वपालाई सरकारमा ल्याउने चाहना प्रधानमन्त्री दाहालमा रहेको स्रोतको दाबी छ।

सरकारले...

उक्त व्यवस्थाको सट्टा अनुमतिपत्र प्राप्त गरेको मितिबाट पहिलो पाँच वर्षसम्म प्रत्येक वर्ष १ करोड रूपैयाँ वा सो वर्ष आर्जन गरेको कुल आम्दानीको १० प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ, सोही रकम दस्तुरका रूपमा बुझाउनुपर्ने प्रस्ताव गरिएपछि सो रकम यत्तिकै नेपाल सरकारलाई नआउने भएको हो।

त्यस्तै अनुमतिपत्र प्राप्त गरेको पाँच वर्षदेखि १० वर्षसम्म प्रत्येक वर्ष २५ करोड रूपैयाँ वा सो वर्ष आर्जन गरेको कुल आम्दानीको १० प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ, सोही रकम बुझाउनुपर्ने उल्लेख छ। यसैगरी अनुमतिपत्र प्राप्त गरेको १० वर्षपछि प्रत्येक वर्ष २ अर्ब रूपैयाँ वा सो वर्ष आर्जन गरेको कुल आम्दानीको १० प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ, सोही रकम बुझाउनुपर्ने प्रस्तावित व्यवस्था छ।

विधेयकमा प्रस्तावित व्यवस्था ऐनका रूपमा लागु भएको खण्डमा दूरसञ्चार सेवा प्रदायकलाई नवीकरणका लागि विद्यमान बोझिलो व्यवस्था हट्नेछ। वार्षिक करिब ४० अर्ब रूपैयाँ हाराहारी आम्दानी गरिरहेका नेपाल टेलिकम र एनसेलका लागि लाइसेन्स नवीकरण शुल्क परिवर्तन नभए पनि खास फरक नपर्ने हुँदा सरकारले आफैंलाई घाटा लाग्ने गरी मस्यौदा तयार पारेर मन्त्रिपरिषद्मा पठाउन लागेको हो। यस्तै लाइसेन्स आवदेन शुल्कबाटै राज्यले ३४ करोड रूपैयाँ गुमाउने अवस्थासमेत बनेको छ।

सुदखोरबाट ऋण लिँदै विदेश जाँदै

पृष्ठ १ बाट

तर कथाको प्रकृति र त्यसले सिर्जना गरेको पीडा भने अक्सर समान थियो। कथा सुन्दै जाँदा अधिकतरमा बेरोजगार युवाको जमात नै मूल कारण थियो।

बेरोजगार युवाका विकल्प कि विदेश कि तस्करी !

छोरा हुर्कंदै गएपछि हरेक बुवाजस्तै सुस्ता गाउँपालिका-५ सिमरीका जयप्रकाश कुर्मीलाई चिन्ता थपिँदै थियो। नेपालमै रोजगारी पाउने सम्भावना नदेखेका उनले छोरालाई विदेश पठाउने सोचे। 'नेपालमा बसेर तस्करी गरेर जोखिम उठाउनुभन्दा छोराले पनि विदेश जान सहमति जनायो,' कुर्मीले भने। विदेश त पठाउने तर घरमा पैसा थिएन। भएको पैसाले मात्रै पुग्दैनथ्यो। त्यही समस्याले कुर्मीलाई मिटरब्याजीको दैलोमा पुर्‍यायो।

'जगदीश कानु (बानियाँ)सँग नपुग हुने रकम एक लाख रूपैयाँ लिएर छोरालाई मलेसिया पठाएँ। त्यो रकम लिँदा जगदीशको भाइ सुनिल कानु (बानियाँ)ले दोब्बर २ लाख रूपैयाँको तमसुक बनायो,' कुर्मीले भने, 'जगदीश आफैंले २ लाख रूपैयाँमा जग्गाको दृष्टिबन्धक बनाएर राख्यो। तत्काल पैसा चाहिएको थियो, लिनैपर्‍यो। छोराले कमाएर छिट्टै तिरिहाल्छ भनेर गरिदिएँ।'

त्यस दिनदेखि कुर्मीको तनाव बढ्दै गयो। 'मैले रकम लिएकाले छोराले कमाएर दिएको रकम जगदीशलाई दिइरहें। ५ लाख ५ हजार रूपैयाँ तिरिसकेको छु। तर उसले अझै ३ लाख ८१ हजार रूपैयाँ मागिरहेको छ। उता जगदीशको भाइ सुनिलले ४ लाख रूपैयाँ माग्दै छ,' कुर्मीले दुःखेसो पोखे।

कुर्मीको जस्तै दुःखेसो प्रतापुर गाउँपालिका-७ माधवपुरकी गुलाबीकुमारी धरिकारको पनि छ। उनका पति श्यामिमलन धरिकारले साउदी अरेबियाको भिसा लागेपछि सुदखोर सुनिल शर्मासँग ५० हजार रूपैयाँ लिएका थिए। पछि खेती लगाउन गुलाबीले थप ५० हजार रूपैयाँ लिइन्। त्यही रकमको सुद (ब्याज) तिर्दातिर्दै उनले ५ लाख ४६ हजार रूपैयाँ बुझाइसकेको बताइन्। 'पतिले विदेशबाट पठाएको पैसा सुद बुझाउनै ठिक्क हुन्छ,' उनले भनिन्, 'थप घरखर्च माग्दा उताबाट पति गाली गर्नुहुन्छ। के गर्छौ यत्रो पैसा भनेर, कति दिन दिइराख्छौं भनेर ?' उनी काठमाडौंमा भएको आन्दोलनमा दुई महिना बसेकी थिइन्।

नेपालको इलमले पार लाग्ने छाँट नपाएपछि नागरिकतामा भएको कम उमेरको उपयोग सरावल-५ फुलरियाका रामवचन बढैले ५ वर्षअघि विदेश जाने सुर कसे। उनको नागरिकतामा ४५ वर्ष थियो भने वास्तविक उमेर ५५। 'सबै विदेश गइरहेको देखेर म पनि हौसिएँ। केही वर्षपछि जान नपाउने भएकाले अहिल्यै जाऊँ र बुढेसकालका लागि कमाएर ल्याऊँ भन्ने सोचेको थिएँ,' उनले भने, 'परासीका गोविन्द चौधरीसँग १ लाख २५ हजार लिएँ। त्यसको डेढ लाख रूपैयाँको कागज गरेर डेढ कट्ठा जमिन दृष्टिबन्धक गर्‍यो।' बढै कतार गए। तर उनी गएको १० महिनामै कम्पनी बन्द भयो। '१० महिनाको कमाइले त्यो ऋण तिर्न सकिनँ। ३० हजार रूपैयाँ त दिएँ बाँकी रह्यो। अहिले ५ लाख मागिरहेको छ,' उनले भने।

सरावल-५ कि मीनादेवी कहारका पति गोविन्द कहार पनि विदेशमा छन्। तर उनी भने सुरुमै सुदखोरकहाँ पुगेका थिएनन्। विदेश जाँदा उनले ४ लाख रूपैयाँ एउटा लघुवित्तबाट लिएका थिए। तर समयमै भिसा नलाग्दा किस्ताको आपत् आइलाग्यो। 'किस्ता तिर्न सुदखोरबाट ऋण लिन थालें। एक-दुई गर्दागर्दै आठ जनासँग ५०-५० हजार लिएको छु,' मीनादेवीले भनिन्, 'सबै आठजनाले एक-एक लाख रूपैयाँको तमसुक बनाएका छन्।' अहिले उनलाई ती आठवटै साहुले तीन देखि चार लाखसम्म पैसा मागिरहेको उनी बताउँछिन्। 'एकातिर लघुवित्तको ऋण, अर्कोतिर सुदखोर। चिन्ताले धान्नै सकिने अवस्था छैन,' उनले भनिन्।

मिटरब्याजपीडितको भीडमा अधिकांशको यस्तै गुनासो थियो। मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका अध्यक्ष अवधेश कुशवाहाका अनुसार नवलपरासी (बसुप)को दक्षिणी गाउँका घरैपिच्छे युवा तेस्रो मुलुकमा छन्। 'बेरोजगार युवाको मूल गन्तव्य नै तेस्रो मुलुक हो। तेस्रो मुलुक जानका लागि तत्कालै पैसा चाहिन्छ। घरपरिवारसँग विकल्प हुँदैन,' उनी भन्छन्, 'अनि सुदखोरकहाँ नपुगी उपाय नै लाग्दैन। यसैले यस्ता समस्या पनि घरैपिच्छे छन्।' यसरी घरैपिच्छे हजारौं युवालाई विदेश पठाउन सुदखोरहरूले ऋण लगानी गरेका छन्। जसबाट चर्को दरमा असुली गरिरहेका छन्।

'सुदखोर साहुहरू नै के भन्छन् भने हाम्रा त छोरा हजारभन्दा बढी विदेशमा छन्। हामीलाई कमाएर हामीलाई दिन्छु भन्छन्,' सुस्ता गाउँपालिका-५ सिमरीका कुर्मी भन्छन्, 'विदेशबाट कमाएको पैसा सुदबापत उनै साहुहरूलाई दिन ठिक्क हुन्छ। नभए दृष्टिबन्धन राखेको घरजग्गा नै हडप्छन्।'

मिटरब्याजपीडित आन्दोलनको अभियन्ताका रूपमा काम गरिरहेका निर्ग नवीनको बुझाइमा यहाँका बेरोजगार युवाका लागि प्रस्ट दुई विकल्प मात्रै छन्। ती भनेको कि विदेश जाने कि तस्करी गर्ने ! 'जति पढेको, जति जानेको भए पनि युवाका लागि कि विदेश जाने कि सीमापारिबाट तस्करी गर्ने दुईवटा मात्रै विकल्प छन्। रोजगारीको अन्य अवसर नै छैन,' नवीन भन्छन्, 'खेतीपातीको सिजनमा कृषि मजदुर हो। केरा काट्ने बेलामा केरा काट्छन्, उखु काट्ने बेला उखु काट्छन्, धान काट्ने बेला धान काट्छन्।' उखु र केरा खेती गर्दा पनि किसानलाई समयमै मूल्य नपाइने समस्या रहेको उनी बताउँछन्। 'अवस्था कस्तो छ भने उखुको पैसा चार वर्षपछि पाइन्छ। केराको पैसा चार वर्षसम्म पनि दिँदैनन्। उखु लगायो, उखुमा पनि समस्या, केरा लगायो केरामा पनि समस्या। अनि तस्करी नगरेर मान्छे बाँच्ने कसरी ?' उनले भने, 'त्यसपछिको गन्तव्य विदेश नै बन्छ। अनि सुदखोरकहाँ पुग्दा लिएको रकमभन्दा दोब्बरमा तमसुक बन्ने, नगद लिएको रकममा पनि १० प्रतिशत काटिने, दृष्टिबन्धक अनिवार्य हुन्छन्,' मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका अध्यक्ष कुशवाहा बताउँछन्।

'सुदखोरको आँखा नै जमिन, घडेरी र सम्पत्तिमा हुन्छ। पैसा थोरै ढिलो भए दृष्टिबन्धक गरेको जग्गा छिनुवा पास गरेर राजीनामा गराउँछन्,' उनले भने, 'यसरी अधिकांश जमिन कि दृष्टिबन्धकमा छ, कि छिनुवा पासबाट हडपिएका छन्। साराका सारा घरसम्पत्ति सुदखोरको कब्जामा छ।' यही कारण आफूहरूले तमसुकहरू खारेज हुनुपर्ने, दृष्टिबन्धक कागज खारेज हुनुपर्ने, बढी असुलिएको रकम फिर्ता हुनुपर्ने र छिनुवा पासबाट हडपिएका घरजग्गा फिर्ता हुनुपर्ने माग राखिरहेको उनले बताए। उता नवलपरासी (बसुप)का प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले मिटरब्याजसँग सम्बन्धित अधिकांश मुद्दामा पीडितले ऋण लिँदा विदेश जाने उद्देश्यले नै लिएको पाइएको बताए।

राजधानीमा आन्दोलन जारी

यता मधेस प्रदेशलगायत आठ जिल्लाका मिटरब्याजपीडित चार दिनदेखि राजधानीमा आन्दोलनरत छन्। महोत्तरीको बर्दिबासबाट चैत २ गते पैदल हिँडेर चैत १२ गते काठमाडौं उपत्यका छिरेका पीडित आफ्नो माग सुनुवाइ नभएसम्म घर नफर्किने बताइरहेका छन्। सरकारले मिटरब्याजलाई अपराध मान्ने गरी कानुन संशोधन गर्ने निर्णय गरिसकेको छ। यस्तै गृह मन्त्रालयकी सह-सचिव रुद्रादेवी शर्माको संयोजकत्वमा वार्ता टोलीसमेत गठन गरिसकेको छ। उक्त टोलीसँग पीडित पक्षले बिहीबार वार्ता गर्ने जनाएको छ।

उता नवलपरासी (बसुप)का पीडितले भने अहिले काठमाडौंमा रहेका आन्दोलनकारीको मागले मात्रै मिटरब्याजपीडितको समस्या समाधान नहुने दाबी गरेका छन्। बुधबार मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका अध्यक्ष कुशवाहाले एक विज्ञप्ति सार्वजनिक गर्दै यही चैत २० गते राजधानी पुगेर निर्णायक आन्दोलन गर्ने उल्लेख गरेका छन्।

महोत्तरीको बर्दिबासबाट चैत २ गते पैदल हिँडेर चैत १२ गते काठमाडौं उपत्यका छिरेका पीडित आफ्नो माग सुनुवाइ नभएसम्म घर नफर्किने बताइरहेका छन्। सरकारले मिटरब्याजलाई अपराध मान्ने गरी कानुन संशोधन गर्ने निर्णय गरिसकेको छ।

भारतबाट...

गत वर्ष ३० करोड ४० लाख रूपैयाँको मह आयात भएको थियो। यो वर्षको फागुनसम्म ५ लाख २९२ किलो मह आयात भएको छ। यसको मूल्य करिब ११ करोड ७८ लाख रूपैयाँ पर्छ। आयातको तथ्यांक धेरै ठुलो नभए पनि गैरकानुनी रूपमा मह आयात भइरहेको महासंघका निवर्तमान अध्यक्ष पौडेलले बताए। 'अवैध रूपमा आयात भएको मह बजारमा बिक्री भइरहेको छ,' पौडेलले भने, 'अवैध आयात रोकेर भन्सार महसुल बढाए मात्र नेपाली उत्पादनले बजार पाउँछ।'

नेपालको मह गुणस्तरीय भएकाले केही निर्यात पनि हुने गरेको छ। चालु आवको आठ महिनामा अस्ट्रेलिया, जापान, मलेसिया, अमेरिकालगायत देशमा १ करोड ३९ लाख ६२ हजार रूपैयाँको मह निर्यात भएको छ। विदेशबाट आयात हुने महको भन्सार महसुल दर बढाउन किसानले माग गरेका छन्। अहिले सार्क मुलुकबाट आयात हुने महको भन्सार महसुल ९ प्रतिशत मात्र छ। 'महको भन्सार महसुल ६० प्रतिशत पुर्‍याउन माग गरेका छौं,' महासंघका निवर्तमान अध्यक्ष पौडेलले भने, 'सरकारले संरक्षणको नीति लिनुपर्छ।'

नेपालमा करिब १० हजार किसान मौरीपालनमा आबद्ध छन्। चितवन, मकवानपुर, सर्लाही, नवलपरासी, रूपन्देही, दाङ, कैलाली, पाल्पा, बागलुङ, पर्वत, कास्की, जाजरकोटलगायत जिल्लामा व्यावसायिक मौरीपालन हुँदै आएको छ। यी जिल्लामा एपिस सेराना, एपिस मेलिफेरा, एपिस डोरसाटा, एपिस लेबोरियोसा, कट्यौरी, खागोलगायत जातका मौरी पाइन्छन्। नेपाली महको बजार प्रवर्द्धन गर्न 'ब्रान्ड' बनाएर प्रचारप्रसार गर्नुपर्ने सरकारी अधिकारीहरू बताउँछन्। गुणस्तरीय भए पनि नेपालको महले बजार पाउन सकेको छैन। 'नेपालमा उत्पादित महको गुणस्तरमा कुनै शंका छैन,' किट विकास केन्द्रका प्रमुख सापकोटाले भने, 'ब्रान्डिङ गर्नुपर्ने आवश्यकता छ।'

विशेष गरी भारतबाट आयात भएको महले नेपाली बजारको एक चौथाइ हिस्सा ओगटेकाले भन्सार महसुल बढाउनुपर्ने किसानको माग छ। भारतबाट सस्तोमा मह आयात भएकाले नेपाली किसानले प्रतिस्पर्धा गर्न सकेका छैनन्। 'विदेशबाट सस्तोमा मह आयात भएकाले भन्सार महसुल बढाउन सिफारिस गरेका छौं,' प्रमुख सापकोटाले भने, 'नेपाली उत्पादनलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ।'

आफ्नै...

'मन्त्री क्वार्टर निकै ठुलो छ, रमाइलो छ, जाऔं, त्यहीं बसौं भन्नुभएको थियो, छोराछोरीले पनि निकै जिद्दी गरेका थिए,' उनले भनिन्, 'म घरधन्दा समेटेर पछि आउँछु भन्दै टारिदिएँ।' उनले थपिन्, 'तर मालिक (पति) उपराष्ट्रपति बनेपछि शपथग्रहणमा पत्नी उपस्थित हुनैपर्ने भनेपछि नाइँ भन्न सकिनँ।'

चम्पादेवी काठमाडौंमा बस्दै नबसेकी भने होइनन्। २०६४ सालमा रामसहाय यादव संविधानसभा सदस्य हुँदा उनी एक वर्ष काठमाडौंमा बसेकी थिइन्। उनी काठमाडौं बस्दा घर, खेतीपाती सबै अस्तव्यस्त बन्यो। आर्थिक अवस्था बिग्रँदै गएपछि उनी गाउँ फर्किन् र गाईवस्तु पाल्न थालिन्। खेतीपाती आफैंले गर्न थालिन्। त्यसपछि घरको आर्थिक अवस्था राम्रो भएको उनले सुनाइन्।

संविधानसभा सदस्यबाट हटेपछि रामसहाय यादव चम्पादेवीमै निर्भर भए। चम्पादेवीले पालेको गाईभैंसी र बाख्राबाट हुने आम्दानीले घर चल्थ्यो। पछिल्लो चुनावमा पनि १ लाख पर्ने एउटा भैंसी ६० हजारमा बेचेर रामसहायलाई उनले दिएकी थिइन्।

२०७४ सालको चुनावमा उनले एक कट्ठा घरेडी बेचेर पतिलाई सहयोग गरेको बताइन्। छोराछोरी पनि चम्पादेवीकै सहयोगमा पढेका हुन्। उनका एउटा छोरा र एउटी छोरीले इन्जिनियर पढेका छन्। दुवैजना लोकसेवा आयोगको तयारी गर्दैछन्। कान्छा छोरा कलेज पढ्दैछन्। खेतीपातीको आम्दानीले गर्दा उनका बालबच्चा काठमाडौं बसेर पढ्न पाएका छन्। त्यही भएर अहिले पनि उनी त्यो ठाउँ छाड्न चाहन्नन्।

१८ वर्ष कलैयाकै पन्नालाल कन्यादेवी विद्यालयमा विज्ञान र गणित विषय गुरु रहेका रामसहाय २०६२/६३ को जनआन्दोलनदेखि सक्रिय राजनीतिमा लागे। यादव राजनीतिमा सक्रिय भएपछि घरव्यवहार, वस्तुभाउ, खेतीपाती सबै चम्पादेवीले एक्लै धान्दै आएकी छन्।

'स्कुलमा पढाउँदापढाउँदै मालिक राजनीतिमा लाग्नुभयो, छोराछोरी हुर्काउनेदेखि उनीहरूको पढाइलेखाइ, घरव्यवहार, खेतीपाती सबै मैले नै हेर्दै आएकी छु। यो क्रम चलेको धेरै वर्ष भइसक्यो,' चम्पादेवीले भनिन्, 'राजनीति गरेर धेरैले पैसा कमाए, उहाँले चाहिँ नाम कमाउनुभयो। मलाई मेरो मालिकले कमाएको नामले पैसाभन्दा कैयौं गुणा बढी खुसी दिन्छ।' उनले थपिन्, 'मेरो मालिकले यसैगरी नाम कमाउनुहोस् भनेर मैले घरव्यवहारको सम्पूर्ण जिम्मेवारी सम्हालेकी हुँ।' उनले भनिन्, 'अब मेरो मालिक देश सम्हाल्नुहुन्छ, म मेरो घर सम्हाल्छु।'

पहिलो पृष्ठको बाँकी

Dhangadhimai Municipality
Office of the Municipal Executive
Dhangadhi, Siraha
Madhesh Province, Nepal.

Invitation for Online Bids

Contract Identification No: DH/MUN/NCB/09,10/079/080
Date of publication: 2079/12/16 (2023 March 30)

1. Dhangadhimai Municipality, Office of the Municipal Excutive, Dhangadhi, Siraha invites electronic bids from Nepalese eligible bidders for the construction of the following projects as mentioned in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dhangadhimai Municipality Dhangadhi Siraha or Dhangadhimaimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidders should submit bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidder's submitting their bid electronically following procedure specified in e-GP system operating guideline, 2073 and user manual issued by PPMO, should deposit the cost (pdf format) of the document in the project's rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Also submission of signed letter of bid, along with the copy of company/firm registration certificate, business registration (License) and renew certificate, VAT and PAN registration certificate, Tax clearance certificate up to F/Y 2078/79. Information to deposit the cost of bidding documents in Bank as specified below.

Information for deposit the cost of bidding document.	Information for deposit the cost of bid security
Name of the Bank : NCC Bank, Dhangadhi, Siraha	Name of the Bank : NCC Bank, Dhangadhi, Siraha
Account No. 1420000040801	Account No.1420000041901
Office code No. 801021604	

4. Sealed Bids must be submitted online to the above office of Dhangadhimai Municipality on or before 12:00 PM on 30th April 2023 (2080/01/17). Documents received after this deadline shall not be accepted.
5. Bid will be opened in the presence of the bidders' representatives who choosed to attained at 13:00 hours on 30th April 2023 (2080/01/17) for all contracts at the office of Dhangadhimai Municipality Dhangadhi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the bid validity period. The original bid bond guarantee letter should be issued in the name of the office by any Commercial (Banijya) Bank, recognized by Govt. of Nepal. Only the bid security guarantee letter in the format specified in the bid document will be accepted or bidder who choose to deposit the bid security in cash shall deposit the cash and submit receipt the voucher from the Bank listed above.
6. Pre-bid meeting on 23th April 2023 at 13:00 PM at Dhangadhimai Municipality office, Dhangadhi (Siraha).
7. If the last date of bid purchasing, submission, opening, pre-bid meeting falls on a government holiday, then the date for the applicable event shall be extend to the next working day. In such case the validity of bid security shall be considered from the originally specified last date for bid submission.
8. Any conditions not covered so far shall be as per FAR 2056 ((Latest Revision), Procurement Act, 2063, Procurement Regulation, 2064 (fourth amendment) and Public Procurement 12th Amendement Rules.
9. Any amendment in this notice shall be pasted on the notice board of the client's office.
10. Dhangadhimai Municipality, office of the Municipal Executive reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

S.N.	Contract Id.No.	Name of The Projects	Cost Estimate (with Vat)	Bid Security Amount NRs.	Cost of Bid Documents
1	DH/MUN/NCB/09/2079/080	Construction of School Building (Ja.Aa.Bi. Tetisbigha-05)	3695874.73	92500.00	3000.00
2	DH/MUN/NCB/10/2079/080	Construction of School Building (Ja.Aa.Bi. Chiyabari)	3695874.73	92500.00	3000.00

Note:
(As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)

Badimalika Municipality
Office of the Municipal Executive

Martadi, Bajura
Sudurpaschim Province, Nepal

Invitation for Bids

Date of publication: 2079/12/16 (30-03-2023)

Badimalika Municipality Office invites Bids from all eligible Nepalese National Bidders for BMO/WORK/BAJURA/NCB//05/079-080 and BMO/SEALEDQUOTATION/GOODS//01-079-080 under Competitive Bidding procedures. Eligible Bidders may obtain further information at Badimalika Municipality Office WEBSITE www.badimalikamun.gov.np or may visit PPMO WEBSITE www.bolpatra.gov.np.

Chief Administrative Officer